## १.पृष्ठभूमि :

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले गौचरण विमानस्थलको नामबाट वि.सं. २००६ सालदेखि नागरिक उड्डयन सेवा सुरू गऱ्यो । वि.सं २०१२ सालमा सो विमानस्थलको आधिकारिक रूपमा उद्घाटन भई त्रिभुवन विमानस्थल भनी नामकरण गरियो । त्यसपछि वि.सं. २०२१ सालमा यसलाई अन्तर्राष्ट्रिय उडानको मापदण्ड अनुसार निर्माण गरी त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको नामबाट सेवा सुरू गरिएको हो । यो विमानस्थल काठमाडौं महानगरपालिकाको पूर्वी क्षेत्रको चक्रपथभन्दा बाहिर मनहरा नदिको पश्चिममा १०,२४० वर्ग मिटरको क्षेत्रफलमा फैलिएको छ । यो विमानस्थलको दक्षिण पट्टी कोटेश्वर, उत्तरमा गौरीघाट र पश्चिममा चक्रपथ पर्दछ । यसको धावनमार्गको लम्बाई सन् १९७५ देखि २,२०० मिटरबाट बढाई ३,००० मिटर कायम गरिएको छ । [1]

देशको एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलले अपेक्षित भौतिक, प्राविधिक तथा गुणस्तरीय सेवा सुविधा प्रवाह गर्न नसकिरहेको अवस्था छ । थप धावनमार्ग विस्तार नभएको कारण हवाईजहाज Landing गर्दा आइपर्ने सानो मसिनो त्रुटिका कारण पनि विमानस्थल बन्द गर्नु पर्ने जोखिमको अवस्था रहेको छ । यसतर्फ गम्भीर बन्दै International Civil Aviation Organization (ICAO) मापदण्ड अनुसारको निर्माण कार्यलाई तीब्रता दिन र यात्रु वर्गलाई गुणस्तरीय सेवा प्रवाह गर्ने तर्फ सक्रियतापूर्वक लाग्न, देशको पहिलो परिचयको रुपमा रहेको यस विमानस्थलको स्तरोन्नति गर्ने कार्यलाई पहिलो प्राथमिकतामा राख्न र स्थानीय स्तरमा देखिएका समस्याहरूको समस्या समाधान गर्ने सम्बन्धमा विकास समितिको मिति २०७२।०४।२५ गते बसेको बैठकले आवश्यक निर्देशन गर्दै त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको तत्कालै स्थलगत निरीक्षण गर्ने निर्णय गरेको थियो । यसै क्रममा विकास समितिका माननीय सदस्यहरू, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिव, नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक, त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलका प्रमुख, आयोजना प्रमुख, सचिवालयका कर्मचारीहरू संलग्न रहेको टोलीले मिति २०७२/०४/२७ गते त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको विद्यमान अवस्था, समस्या तथा ICAO को मापदण्ड अनुसार यसको स्तरोन्नतिका लागि अवलम्वन गर्न सकिने उपायहरूका सम्बन्धमा समितिबाट स्थलगत अनुगमन तथा निरीक्षण गऱ्यो ।

[1] https://en.wikipedia.org/wiki

देशको एकमात्र अन्तर्राष्ट्रिय विमानस्थल त्रिभुवन अन्तर्राष्ट्रिय विममानस्थलको क्षमता तथा उडान सुरक्षाको अभिबृद्धि गर्ने उद्देश्यका साथ एशियाली विकास बैंकको ऋण तथा अनुदान सहयोगमा राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा ICB-01: Airside Infrastructure and Landside Terminal Improvement at TIA (Tribhuvan International Airport), Simikot & Rara Airport सम्वन्धी निर्माण कार्य 16 March 2013 बाट संचालनमा रहेको छ । उक्त विकास निर्माण कार्यको एक मुख्य item को रुपमा धावनमार्गको उत्तर-पश्चिचत तर्फ करिव २० लाख घनमिटर माटो भरी अन्तर्राष्ट्रिय विमानको पार्किङ स्थल (८ वटा), Parallel Taxiway, Exit Taxiway निर्माण गर्ने कार्यक्रम रहेको छ । उक्त स्थानमा अझै १६ लाख घनमिटर माटो भर्न बाँकी रहेको र लामो समयको अन्तराल पछि हाल मात्र ठेकेदारबाट काठमाण्डौ, ललितपुर, भक्तपुर र काभ्रेपालाञ्चोक जिल्लाको विभिन्न स्थानबाट माटो ल्याई भर्ने कार्य भएको हो ।

**त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा संचालित आयोजनाको विवरण यस प्रकार रहेको छ ।**

- आयोजनाको नाम-त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हवाई यातायात क्षमता अभिबृद्धि आयोजना ।
- ठेक्का प्रदायक (employer) संस्था–नागरिक उड्डयन प्राधिकरण र हावई यातायात क्षमता अभिबृद्धि आयोजना ।
- परामार्शदाता (consultant)–Japan Airport Consultant Inc. in association with GEOCE Consultants(P) Ltd. Sinamangal
- पूर्व योग्यता माग गरेको मिति–15 August, 2011
- Employer र मुख्य contractor बीच सम्झौता भएको मिति–12 December 2011
- Main Contractor- Constructora Sanjose S.A., Ronda De Poniente,11,28760 Tres Cantos, Madrid, Spain
- Sub Contractor- Tundi Construction Pvt.Ltd. Sanepa, Lalitpur-3
- आयोजनाको main contractor र sub contractor बीच civil work र Asphalt Pavement Workको निमित्त सम्झौता भएको मिति–14 February 2013

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय विमान तथा यात्रुहरूको दिनानुदिन बढ्दै गरेको चापले गर्दा हाल संचालनमा रहेको एक मात्र विमानस्थलले पर्याप्त मात्रामा गुणस्तरीय सेवा सुविधा पुऱ्याउन नसकिरहेको पाइयो । धावनमार्ग लगायतका स्थानहरूको मर्मत सुधार गर्ने कार्य पर्याप्त मात्रामा गर्न नसकिएको अवस्था देखिएकोले बैकल्पिक व्यवस्थाको रूपमा निजगढ, भैरहवा, पोखरा लगायतका स्थानहरूमा अन्तर्राष्ट्रिय तथा क्षेत्रीय विमानस्थल निर्माण गर्ने र तत्कालका लागि TIA को स्तरोन्नति गर्न सकेको खण्डमा देशले सोचे अनुसारको पर्यटन प्रवर्द्धन, आर्थिक वृद्धि तथा विकास गरी समुन्नत नेपालको निर्माण गर्न सकिने कुरामा दुई मत रहन सक्दैन ।

## २. TIA अनुगमन निरीक्षणमा सहभागी समितिका माननीय सदस्यहरू र सचिवालयका कर्मचारीहरू :

| | |
|---|---|
| १.मा सभापति रविन्द्र अधिकारी | २.मा. अतहर कमाल मुसलमान |
| ३.मा.अमर सिंह पुन | ४.मा. आङटावा शेर्पा |
| ५.मा.कर्ण बहादुर वि.क. | ६.मा. गुरूप्रसाद वुर्लाकोटी |
| ७.मा. जनार्दन ढकाल | ८.मा. दिनेश प्रसाद साह |
| ९. मा. धन बहादुर घले | १०.मा. प्रकाश शर्मा पौडेल |
| ११. मा. प्रेम बहादुर आले | १२.मा. भक्त बहादुर विश्वकर्मा खपाङ्गी |
| १३. मा. रामचन्द्र पोखरेल | १४.मा. वैजनाथ चौधरी |
| १५. मा. शिवजी यादव | १६. शा.अ.शिवदत्त बराल |
| १७. ना.सु. पिताम्बर रिमाल | |

## ३. अनुगमनका क्रममा देखिएका समस्याहरू :

- **माटो आपूर्ति सम्वन्धी:** पशुपति क्षेत्र बिकास कोषको स्वामित्वमा रहेको खानीबाट यस अगावै निर्माण व्यवसायीले माटो ल्याई भर्ने कार्य गरिरहेकोमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको अनुसन्धान पश्चात हालसम्म उक्त खानीबाट माटो ल्याउने कार्य बन्द रहेको र उक्त मुद्दा अदालतमा बिचाराधिन रहेको अवस्था रहेको ।

- **स्थानीयहरुले अवरोध गर्ने सम्वन्धी:** पशुपति क्षेत्र विकास कोष अधिनको खानीबाट मात्र सम्पूर्ण परिमाणको माटो नपुग्ने भएकाले हाल निर्माण व्यवसायीबाट प्रयोग गरिरहेका र भविष्यमा प्रयोग हुने सम्भावित खानीहरु खासगरी काठमाण्डौ, भक्तपुर, काभ्रेपलाञ्चोक र ललितपुर जिल्लाका विभिन्न स्थानहरुमा खानी क्षेत्रका स्थानीयहरूबाट बारम्बार अवरोध आउने गरेको तथा विमानस्थल वरपर क्षेत्रका वासिन्दाहरुबाट समेत अवरोधहरु आउने गरेको निर्माण व्यवसायीबाट गुनासो आइरहेकोले उक्त समस्याको समाधान र सहजीकरण गरी व्यवस्थापन गर्न एक Facilitation समिति गठनगर्ने भनिएता पनि त्यसतफ पहल कार्य हालसम्म पनि नभएको ।
- **त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल आसपासका Obstacle सम्वन्धमाः-** त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको दक्षिण तर्फ तीनकुने–कोटेश्वर खण्ड र जडीबुटी क्षेत्रमा मापदण्ड विपरित र नेपाल नागरिक उड्डयन प्राधिकरणको स्वीकृति (Clearance)र सहमति नलिई बनाइएका अग्ला भवनहरुले गर्दा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा उडान तथा अवतरण गर्ने बायुयानहरुको उडान सुरक्षामा गम्भीर असर गरेको । उक्त संरचनाहरूको उचाइले सिर्जना गरेको जोखिमका कारण सतर्कता स्वरूप भारवहन क्षमतामा समेत कमी गर्न बाध्य भएकाले बिमान कम्पनीहरुलाई करोडौ घाटा भइरहेको ।
- विमानहरूको उडान तथा अवतरण गर्नको लागि ground safety प्रभावकारी नभएको ।
- Airsides मा Airlines तथा सम्बद्ध निकायहरूको उचित व्यवस्थापन हुन नसकेको ।
- अन्तर्राष्ट्रिय वायुसेवाको ground handling गर्दै आएको नेपाल वायु सेवा निगमले पर्याप्त आवश्यकीय उपकरण, जनशक्तिको व्यवस्था गरी सेवालाई आधुनिक शैलीमा चुस्त र प्रभावकारी तुल्याई संचालन गर्न नसकेको ।
- शौचालय, खानेपानी, सरसफाई, सजावट लगायतका विषयहरुको व्यवस्थापनमा उचित ध्यान नदिइएको ।
- Senior citizen and breast feeding room साँघुरो भएको, बस्ने ठाउँ पर्याप्त तथा व्यवस्थित नभएको ।

- माटो फिलिङ गर्ने कार्य समयमा सम्पन्न गर्ने सम्बन्धमा contractorले जिम्मेवारी वोधका साथ कार्य गरेको नपाईएको ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले व्यागेज मेकअप एरियामा कन्भेयर बेल्ट र X- Ray Machine छुट्टा छुट्टै ठाउँमा राख्दा जाँचपासमा ढिलाई हुने गरेको ।
- Scanner तथा X- RayMachine पर्याप्त मात्रामा नभएको ।
- विमानस्थल भित्र रहेका विभिन्न निकायहरू बीच समन्वयकारी भूमिको कमी रहेको ।
- अन्तर्राष्ट्रिय विमानस्थल भित्र रहेका पसलहरूमा एकाधिकार कायम भई मनोमानी मूल्य निर्धारण हुने गरेको ।
- इबोला लगायतका संक्रामक रोगहरूको परीक्षण गर्नका लागि पर्याप्त मात्रामा help desk को व्यवस्था नगरिएको ।

## ४. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नतिका लागि तत्काल गर्नुपर्ने सुधार तथा निर्देशनहरू:

- ठेकेदारबाट पशुपति क्षेत्र विकास कोषको स्वामित्वमा रहेको खानी खुलाउन सहयोग गरिदिन अनुरोध भई आइरहेको छ । Employer को कुनै करारीय दायीत्वमा नभएतापनि उक्त खानी विमानस्थलको Project Site को नजिक र त्यहाँकोमाटो गुणस्तरीय पनि भएकोले उक्त खानी चाँडो उपलब्ध हुन सकेमा विमानस्थलको सुधार कार्य छिटो छरितो रूपमा सम्पन्न गर्न सकिने देखिएकाले पशुपति क्षेत्र विकास कोषलाई अधिकतम हित हुनेगरी र गुरुयोजनामा कुनै नकारात्मक असर नपर्ने गरी साविक गोठाटार गा.वि.स.मा रहेको उक्त खानी सम्बन्धी समस्या समाधान गरी यथाशिघ्र माटो आपूर्ती खुला गराई विमानस्थल निर्माण कार्यमा सम्बन्धित सबै निकायले सहयोग गर्नुपर्ने ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल निर्माणसँग प्रत्यक्ष अप्रत्यक्ष रूपमा सहयोग गर्ने गराउने कार्यक्रम सम्बद्ध संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय (जिल्ला विकास समिति, नगरपालिका, गा.वि.स.हरु) र गृह मन्त्रालय (जिल्ला प्रशासन कार्यालय, नेपाल प्रहरी र ट्राफिक प्रहरी) लाई विमानस्थलमा निर्माण कार्य सम्बन्धी (निर्माण

सामाग्री, माटो,ढुङ्गा, बालुवा आदी ढुवानी कार्यमा) अवरोध तत्काल हटाउने व्यवस्था गर्ने ।

- ICAO तथा Nepal को Civil Aviation Standard हरुलाई मिचेर उडान तथा अवतरण रूटमा बनाइएका अग्ला घर, Radio/FM Antenna Mast, Television Tower, High Transmission Line लगायतका यस्तै अग्ला भौतिक संरचानाहरुलाई हवाई उडान सुरक्षा (Safe Aircraft Operation) तथा भारवहन क्षमताको दृष्टिकोणले नियन्त्रण गर्नुपर्ने भएकाले संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय, सूचना तथा संचार मन्त्रालय, उर्जा मन्त्रालय, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, गृह मन्त्रालय र काठमाण्डौ महानगरपालिका लगायत उपत्यकाका सम्पूर्ण नगरपालिका, गा.वि.स.हरु, नगर विकास समितिहरु, काठमाण्डौ उपत्यका विकास प्राधिकरण लगायतलाई नेपाल नागरिक उड्डयन प्राधिकरणसंग आवश्यक समन्वय गरी अब आइन्दा त्यस्ता भौतिक संरचनाहरुको निर्माण स्वीकृति दिने व्यवस्थाका मिलाउन तथा ऐन नियम मापदण्ड मिचिएर बनाइएका अग्ला घरहरुमा तत्काल बढी उचाइका तला घटाउने व्यवस्था गर्नुपर्ने ।
- मेशिन रिडेबल पासपोर्ट (MRP) प्रचलनमा आई सके पश्चात विश्वका धेरैजसो मूलुकहरुले अध्यागमन गमन र आगमन पत्र प्रतिस्थापन गरी Scanning विधिबाट यात्रुहरुको विवरण राख्ने कार्य सुरु गरिसकेको हुँदा त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलमा यो प्रक्रिया अविलम्व सुरु गर्न सके अध्यागमनमा हुने भिडभाड कम हुने हँदा बैज्ञानिक तरिकाबाट यात्रुहरुको विवरण दुरुस्त राख्ने व्यवस्था अध्यागमनमा तुरुन्त लागु गर्ने व्यवस्था मिलाउन आवश्यक समन्वय गर्ने ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा अन्तर्राष्ट्रिय विमानहरुको उडान दिनानुदिन बढ्ने क्रममा रहेको हुँदा हाल प्रयोगमा रहेको अन्तर्राष्ट्रिय जहाज विसान गर्ने Bay अपुग हुनाले अन्तर्राष्ट्रिय एप्रोन Bay १ को दक्षिण तर्फ र धावनमार्गको पूर्व तर्फ सम्भब भएसम्म चाँडो Bay को संख्या थप गर्नु पर्ने ।
- अन्तर्राष्ट्रिय वायूसेवाहरुको ग्राउण्ड ह्याण्डलिङ्ग गर्दै आएको नेपाल वायुसेवा निगमले पर्याप्त आधुनिक उपकरण र दक्ष जनशक्तिको व्यवस्था गरी सेवालाई प्रभावकारी रुपमा सरल र सुलभ बनाउदै लाने ।

- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल भन्सार कार्यालयले व्यागेज मेकअप एरियामा कन्भेयर बेल्टमै Inline हुने गरी X- Ray Machine जडान गर्ने व्यवस्था मिलाउने ।
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल परिसरमा सुरक्षा संवेदनशिलतालाई उच्च प्रथमिकता दिई कुनै पनि प्रकारको सुरक्षा कमिकमजोरी हुन नदिन संलग्न सुरक्षा निकाय/वायूसेवा कम्पनीहरुले Airport Authority सँग समन्वय गरी  आवश्यक व्यवस्था मिलाउने ।
- Airside मा Airlines तथा सम्बद्ध निकायको उचित व्यवस्थापन गर्ने ।
- नागरिक उड्डयन प्राधिकरणले आन्तरिक उडानलाई व्यवस्थित बनाउन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा आन्तरिक ग्राउण्ड ह्याण्डलिङ्ग कार्यलाई समयानुसार आधुनिक र व्यवस्थित बनाउने।
- यात्रुहरुको सेवा सुविधा व्यवस्थापनमा समयानुकूल विश्वमा प्रचलित प्रविधि र प्रचलन अनुसार आवश्यक सुदृढिकरण गर्ने ।
- त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलको धावनमार्ग तथा ट्याक्सी वेमा देखिने समस्याहरुलाई निराकरण गर्न  तुरुन्त मर्मत सम्भार गरी  हरबखत धावनमार्ग संचालन योग्य अवस्थामा राख्ने ।
- अन्तर्राष्ट्रिय तथा आन्तरिक टर्मिनल भवनको सरसफाईमा बिशेष ध्यान दिई सौन्दर्य बृद्धि गर्न आवश्यक गृहकार्य गरी Internal Decoration/beautification सहितका कार्यहरु तत्काल गरी अन्तर्राष्ट्रिय स्तरको सेवा र स्वरूप प्रदान गर्ने ।
- अन्तर्राष्ट्रिय बिमानस्थल प्रबेशद्धार देखि टर्मिनल भवन सम्मका बाहिरी क्षेत्रहरुमा फुलबिरुवा तथा सजावटका कार्यहरु गरी बिमानस्थललाई मनमोहक बनाउने ।
- अन्तर्राष्ट्रिय टर्मिनल भवन तथा पार्किङ्ग सहितका सेवा सुबिधामा बृद्धि गर्न आवश्यक पर्ने बिस्तारका कार्यहरु अबिलम्ब अघि बढाउने ।
- बिमानस्थलको उडान अवतरण सुरक्षित गर्न Ground Safety संग सम्बन्धित आवश्यक पर्ने बिबिध कार्यहरुमा सुधार गर्ने ।
- Sterile Area मा नयाँ शौचालय हरु को व्यबस्था गर्ने तथा उक्त क्षेत्रको बिस्तार गर्न आवश्यक निर्माण कार्य गर्ने ।
- अध्यागमनमा राखिएको नागरिक बडापत्रलाई अद्यावधिक गरी प्रभावकारी बनाइनुपर्ने ।

- Liqour and Tobacco lounge बाहिर राखिएका मदिरा लगायतका बस्तुका hoarding board हरू देखिने गरी भित्र राखिनुपर्ने ।
- स्थानीय स्तरको समस्या समाधान गर्न गृह मन्त्रालय, संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय, नगरपालिका लगायतका निकायहरूबाट आवश्यक पहल हुनु पर्ने ।
- माटो भर्ने कार्यलाई छिटो सम्पन्न गर्न contractor लाई बढी जिम्मेवार बनाईनुपर्ने ।
- Immigration मा बस्ने कर्मचारीहरूको व्यवहारमा परिवर्तन गरी मिठास र मुस्कान सहितको सेवा प्रवाहमा जोड दिनु पर्ने ।
- विमानस्थलमा आउने तथा जाने यात्रु वर्गले waiting गर्दा बस्ने ठाउँको पर्याप्त व्यवस्था हुनुका साथै खाना, खाजा खाने restaurant/स्टलहरू समेत पर्याप्त व्यवस्था हुनुपर्ने ।
- विमानस्थल क्षेत्रमा इन्टरनेट नेटवर्कलाई चुस्त बनाइनुपर्ने ।
- सिसिटीभी क्यामरा बढाइनुपर्ने । हाल प्रहरीले एउटा कोठामा बसेर यस्को निगरानी गरीरहेको छ । धेरै स्थानमा राखिएका क्यामरा बिग्रिएका छन् । चलखेल, चोरी हुने स्थान, भिडभाडमा क्यामरा राखिनुपर्ने । थप्नु पर्‍यो ।
- विमानस्थलमा आफन्तको विदाई गर्न जाने परिवारजनकालागी अन्तराष्ट्रिय टर्मिनल भवन माथिको अगाडी तर्फ फर्केको टेरेस सामान्य शुल्क लिई खुल्ला गरिनुपर्ने । निर्माण व्यवसायीसँगको विवादका कारण यो कार्य पुन वन्द भएको थियो । यसअघि नेपालीलाई सस्तो टिकटमा खोलिएको थियो । यो खुला हुदा पासको दुरुपयोग रोकिनेछ । आफन्तजनलाई पनि आफ्नो परिवारका सदस्य वा विदेशीहरुका हकमा साथीहरु जहाज चढेको प्रत्यक्ष देख्न पाउदा आनन्द मान्दछन । साथै नेपाली आन्तरिक पर्यटकहरुकालाई ठूला जहाज हेराउदा राजश्वमा योगदान हुनेछ ।
- विमानस्थल भित्रका संकेत चिन्ह धेरै पूराना र परम्परागत भए । आधुनिक, प्रष्ट देखिने संकेत, इशारा, स्थान जानकारी आदिका संकेत चिन्ह अन्तर्राष्ट्रिय प्रचलन बमोजिम बदलिनुपर्छ । यी जानकारीहरु नेपाली र अँग्रेजी भाषामा लेखिनु पर्छ ।
- विमानस्थलभित्र र बाहिर व्यवसायिक विज्ञापनको दबदबा अति बढी भयो । विज्ञापनलाई स्थान अनुसार नेपाली संस्कृती झल्किने, देश चिनाउने अनुकल बनाई राख्न सकिन्छ । अहिले कुनै ब्लकमा जादा रेमिट कम्पनी, वा कुनै बैंकको शाखा वा कुनै टेलिफोन कम्पनीमा रहेको जस्तो देख्नेलाई महसुस हुन्छ । चाहिने सुचनामुलक राष्ट्रिय जानकारी ओझेलमा राखिएको छ ।

- पासको दुरुपयोग भएको छ । यो कस्ले दिइयो बारे अनलाइनमा नाम सार्वजनिक गरिनुपर्छ । विमानस्थल प्रमुखले आफुभन्दा माथिल्लो निकायबाट आउने दबाब थेग्नै सक्दैनन । कुनै पूर्व सचिव वा प्रहरी वा यस्तै समूहका व्यक्तिले छोराछोरीलाई विदेश उडाउदा अन्तिम स्थानसम्मको पास लिने गरेका छन् । वृद्ध, अशक्त, विरामी, बालबालिकालाई पुऱ्याउन जानेहरुलाई पास सजिलै उपलब्ध हुदैन । डियुटीमा खटिएको प्रहरीले पास बिनै मानिसहरु टिकट काउन्टर तथा त्यसमाथीसम्म पठाउछन यसमा विमानस्थलका कर्मचारी निरीह भैइदिन्छन् । यो बर्दीको दुरुपयोग हो । यस्तो कार्य रोकिनुपर्छ । विमानस्थल संवेदनशिल स्थान हो ।
- ट्रली निशुल्क हो । तर तल्लोतहका कर्मचारी विदेशी तथा सोझासिधालाई आनकानी गर्दै पैसा मागिरहेका हुन्छन् । हरेक ट्रली निःशुल्क हो भन्ने संकेत सर्वत्र राखिनुपर्छ ।
- संसारका कुनै पनि मुलुकले अन्तराष्ट्रिय विमानस्थलको शौचालयमा पैसा असुल्दैनन् । यहा लिइन्छ । यो रोकिनुपर्‍यो ।
- विमानस्थलभित्र भन्सार, अध्यागमन, बेमा तल्लो तहका कर्मचारी चप्पल लगाई, फोहोर पोशाकमै सेवा दिइरहेका देखिन्छन् । स्मार्ट पोशाक र परिचयपत्र नभएका कर्मचारीलाई प्रवेशमा रोक लगाइनुपर्छ । बेला बेला छड्के जाच पनि गरिनुपर्छ ।
- नेपाल आएका विदेशीहरुलाई फर्किदा फिडब्याक फर्म भराइनु पर्‍यो । जस्ले सुधारमा सघाउ मिल्ने छ ।
- विदेशमा मृत्यु भएका नेपालीहरुको शव लिन जादा केही झन्झट हुन्छ । यस्लाई सरलीकृत बनाईनुपर्छ ।
- अन्य Utilities सेवामा चुस्तता हुनुपर्‍यो । ट्याक्सी, शौचालय, क्यानटीन सेवा नभई व्यापारिक उदेश्यबाट संचालित भएका देखीन्छन् । सेवा भावले न्यून लाभमा सञ्चालित हुनुपर्ने ।
- नेपाल सरकारले सार्वजनिक स्थानमा धुम्रपान निषेध गरेको छ । तर विमानस्थलमा जतासुकै धुम्रपान गरिरहेका देखिन्छन् । यसमा कडाई गरिनुपर्‍यो । स्मोकिङ्ग जोन बनाइनुपर्छ । चुरोट नखाने र बिरामीलाई सास्ती नै हुनेगरी जतासुकै धुवा उडाउनमा रोक लाग्नु पर्‍यो ।
- हेल्प डेस्क लगायतका सबै डेस्कमा बर्दीवाला प्रहरीलाई हटाई । महिला राखिनुपर्‍यो । हस्पिटालिटी व्यवस्थापन पढाउने कलेजका विद्यार्थीहरुलाई इन्टर्नशिपमा राख्न सकिन्छ ।
- हेलिप्याड सानो भयो । बिस्तार गरिनुपर्छ ।

- अध्यागमन, भन्सार, टर्मिनल आदिमा सबै सरोकारवाला निकायले महिला कर्मचारीलाई प्राथमिकताका साथ राख्नु पर्‍यो ।
- त्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थल भित्र छुट्टै Smoking Zone को व्यवस्था गरिनुपर्ने ।
- विमानस्थलले २ सय ३६ बढी एजेन्सीलाई पास (आइडीकार्ड) दिएको छ । त्यो प्रष्ट देखिदैन । सानो तथा मधुरो अक्षरमा लेखिएको छ । आडीकार्डबहाक को हो ? संस्थाको नाम र फोटो ठूलो फन्टमा हुनुपर्छ । अन्य सहायक सूचना सानो फन्टमा राख्दा हुन्छ । आइडी कार्डको डिजाइन नै फेर्नुपर्छ ।
- फ्रि वाईफाई र समुचित शुल्कमा लोकल टेलिफोन सुलभ गरिनुपर्छ । यस्ले यात्रुलाई आफन्तलाई सुचित गर्न सजिलो हुन्छ ।
- सटही काउन्टर, क्याफे लगायत पसल र तीनमा को बस्छन् पहिचानमुलक पोशाकमा पारदर्शी हुनुपर्‍यो ।

## ५. निश्कर्षः

देशको आर्थिक विकास, गरिबी निवारण तथा समृद्ध राष्ट्रको निर्माण गर्नमा सघाउकारी हुने विभिन्न आधारहरू मध्ये पर्यटन विकास एक महत्वपूर्ण माध्यम हो । नेपालको प्राकृतिक सौन्दर्यता, सांस्कृतिक तथा भौगोलिक विविधता एवं उच्च पहाडी पदयात्राको प्रचुर सम्भावनाका कारणबाट छिमेकी मित्रराष्ट्र, सार्क लगायत विश्वका विभिन्न देशहरूबाट नेपालमा वर्षेनी ठूलो संख्यामा पर्यटकहरू आउने गर्दछन् । अधिकांश पर्यटक आउने माध्यम हवाई मार्ग नै हो । विकासका लागि पर्यटनको यति धेरै सम्भावना हुँदा हँदै पनि हालसम्म नेपालमा एक मात्र अन्तर्राष्ट्रिय विमानस्थल हुनु हाम्रो लागि विडम्बनाको कुरा हो । भएको एउटा अन्तर्राष्ट्रिय विमानस्थलमा पनि यसको स्तरोन्नति गरी प्रभावकारी सेवा सुविधा प्रदान गर्न सकिएको छैन । जसले गर्दा अन्तर्राष्ट्रिय जगतमा नेपालको पर्यटन प्रवद्धनमा नकरात्मक असर परेको छ । कुनै ठूलो मर्मत सम्भार गर्नु पर्दाको अवस्था वा भैपरि आउने संकटको तत्काल समाधान गर्न नसक्दा अन्तर्राष्ट्रिय उडान नै बन्द गर्नु परेको कटु अनुभव(गत वर्ष टर्किश विमान काण्ड) हामीसँग छ । मर्मत सम्भार तथा विशेष परिस्थितिको अवस्थामा तत्काल विमानस्थल संचालन गराउनका लागि समेत पर्याप्त मात्रामा आवश्यक उपकरणको व्यवस्था गर्न सकिएको छैन ।ठूला वजनका विमान अनुकूल हुने गरी विमानस्थलको धावनमार्ग विस्तार, parallel taxi way को निर्माण तथा पार्किङ, बढ्दो airtraffic को लागि पर्याप्त पार्किङ स्थलको निर्माण कार्य अपेक्षित रूपमा हुन सकेको छैन । विमानस्थलकोस्तरोन्नतिमा संलग्न विभिन्न निकाय र

आन्तरिक व्यवस्थापनमा पनि चुस्त र सहजकारी समन्वयकारीको भूमिका निर्वाह गर्दै यसको समय सापेक्ष सुधारमा तत्काल पहल गर्नुपर्ने देखिन्छ ।

देशमा पर्यटन क्षेत्रबाट प्राप्त गर्न सकिने प्रचुर उपलब्धिका सम्भावनाहरूको भरपुर उपयोग गर्न तथा नेपाललाई अतिकम विकसित राष्ट्रबाट विकासशील राष्ट्रमा स्तरोन्नति गर्नका लागि पर्यटन क्षेत्रको विकास र विस्तार गर्नु अत्यावश्यक छ । यसका लागि एक मात्र अन्तर्राष्ट्रिय विमानस्थलले हालको माग तथा भविष्यमा नेपालको पर्यटक आगमनको चापलाई पुरा गर्न सक्दैन । त्यसैले देशमा विमानस्थल निर्माणका लागि थप सम्भाव्यता अध्ययन गर्न तथा निर्माणाधीन अवस्थामा रहेका क्षेत्रीय तथा अन्तर्राष्ट्रिय स्तरका विमानस्थलहरू छिटो भन्दा छिटो निर्माण सम्पन्न गर्ने र सो कार्य सम्पन्न भइन्जेलका लागित्रिभूवन अन्तर्राष्ट्रिय विमानस्थलको स्तरोन्नति गरी प्रभावकारी रूपमा सेवा संचालन गर्न अत्यावश्यक छ ।

अर्को अन्तर्राष्ट्रिय विमानस्थलको निर्माण गरी संचालन गर्न ठूलो लगानीका साथै केही बढी समय लाग्ने हुँदा देशमा विद्यमान एकमात्र विमानस्थलको रूपमा रहेको यस विमानस्थललाई अधिकतम रूपमा अर्को व्यवस्था नभइञ्जेलसम्म स्तरोन्नति गरी देशको आवश्यकता बहन गर्न सक्ने रूपमा विकसित गर्नमा सबै सरकारी निकायहरूबीच एकीकृत संकल्प सहितको कटिबद्धता आवश्यक देखिएको छ । पर्यटन अर्थतन्त्रको मूल आधार रहीआएको छ र अर्थतन्त्र सबल नभई देश विकास सम्भव नहुने भएकाले समितिले यसतर्फ गम्भिरतापूर्वक पहल गरेको छ र भविष्यमा पनि सम्बन्धित निकायहरूलाई यसतर्फ अघि बढ्न घच्घच्याई रहनेछ ।

*****